जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक २६७ २०७९ साल जेठ १८ गते बुधबार (1 June 2022 Wednesday) मूल्य रु. ५/-

डढेलो नियन्त्रण गरौं, बातावरण जोगाऔं।

डढेलोले,

- वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
- वातावरणीय प्रदूषण बढाउँछ,
- बाढीपहिरो तथा भूक्षय बढाउँछ,
- पानीको मूल सुकाउँछ,

त्यसैले, वन पैदावारको संकलन तथा खेती किसानी गर्दा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in : rajbirajdainik.com.np**

यस अंक भित्र : २ पृष्ठमा : अरूलाई उपचार गर्ने वैद्यखाना ३ पृष्ठमा : बजेटमा मधेस प्रदेश : धेरै योजना३ पृष्ठमा : इन्धन खरिदका लागि पचासौं...

## जबर्जस्तीकरणी घटनामा संलग्न रहेको आरोपमा एक महिलासहित तीन पक्राउ

**दैनिक समाचारदाता**
**वीरगञ्ज, १७ जेठ ।**

प्रहरीले मानव बेचबिखन तथा जबर्जस्ती करणी गरेको घटनामा संलग्न रहेको आरोपमा एक महिलासहित तीन जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सङ्खुवासभा खाँदबारी नगरपालिका १० घर भई हाल वीरगञ्ज महानगरपालिका १६ मा कार्की होटल सञ्चालन गर्दै आएकी ४२ वर्षीया लक्ष्मी बुढाथोकी (कार्की), मोरङ जिल्ला कटहरी गाउँपालिका ४ घर भई हाल पर्सा वीरगञ्ज ८ बस्ने २५ वर्षीय सुरजकुमार साह, जुम्ला जिल्ला हेमा गाउँपालिका ३ बस्ने ३५ वर्षीय हरिचन्द्रनाथ योगी छन् ।

वीरगञ्ज ८ स्थित एउटा रेस्टुरामा काम गर्ने सुरजले जेठ ५ गते काठमाडौं बस्ने २५ वर्षीया युवतीलाई विवाह गर्ने प्रलोभन देखाई वीरगञ्ज ल्याएर बसपार्कस्थित एउटा होटलमा पटक-पटक करणी गरेको प्रहरीको आरोप छ ।

जेठ १० गते लक्ष्मीले युवतीलाई विवाह गर्छु भनेर भुक्याई हरिचन्द्रनाथको जिम्मा लगाएको प्रहरीको दाबी छ । वीरगञ्ज १६ फूलबारी टोलमा डेरा गरी बस्ने हरिचन्द्रनाथले युवतीलाई कोठामा लगी मानसिक र शारीरिक यातना दिई पटक-पटक जबर्जस्ती करणी गरेको प्रहरीको दाबी छ ।

जेठ १४ गते राति ९ बजे पीडित युवती सो स्थानबाट भागेर आफन्तको सम्पर्कमा पुगेपश्चात सो घटना बाहिर आएपछि प्रहरीले तीनै जनालाई पक्राउ गरेको प्रहरीले जनाएको छ । प्रहरीले तीनै जनालाई जबर्जस्ती करणी र मानव बेचबिखन तथा ओसारपसार कसूरमा अनुसन्धान गरिरहेको जनाएको छ ।

## हत्याको आरोपमा दुई बालक पक्राउ



**दैनिक समाचारदाता**
**सुनसरी, १७ जेठ ।**

सुनसरीको धरान उपमहानगरपालिका ५ सेउती खोला बगरमा मृत फेला परेका धरान ११ का ३१ बर्षीय सन्दिप लम्जेलको हत्यामा संग्लग्न रहेको आरोपमा ईलाका प्रहरी कार्यालय धरानले दुई जनालाई पक्राउ गरेको छ ।

अनुसन्धानको क्रममा उनको हत्यामा धरान १५ बस्ने दुई जना बालकको संग्लग्नता रहेको पाए संगै दुबै जनालाई पक्राउ गरिएको हो ।

जेठ १२ गते बिहान लम्जेल सेउती खोलाको बगरमा शरिरका बिभिन्न ठाउँमा काटिएको र धारिलो हतियारले घोपिएको अबस्थामा मृत फेला परेका थिए ।

मृत फेला परेका ब्यक्तिको तत्काल नाम थर नखुलेता पनी केही समयमै उनको पहिचान खुलेसंगै लम्जेलको हत्या भएको आशंकामा प्रहरीले अनुसन्धान शुरु गरेको थियो ।

पक्राउ परेकाहरुको सम्बन्धमा थप अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालय धरानले जनाएको छ ।

## अग्निसाइर कृष्णासवरणका अध्यक्षले छुट्टै सचिवालय संचालन गर्ने

**दैनिक समाचारदाता**
**राजविराज, १७ जेठ ।**

गाउँपालिकाको आफ्नो भवन हुँदाहुँदै पनि सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिकाका नवनिर्वाचित अध्यक्षले छुट्टै सचिवालय संचालन गर्ने भएका छन् ।

पहिलो कार्यपालिका बैठकबाटै उनले सचिवालय संचालन गर्नेसम्बन्धी निर्णय गराएका हुन् ।

गाउँपालिकाको वडा नम्बर १ जण्डौल बजारमा रहेको सामुदायिक भवनमा सचिवालय स्थापना गर्ने निर्णय गरिएको छ ।

त्यस्तै छुट्टै सचिवालय संचालनसहित पहिलो कार्यपालिकाको बैठकले ८ वटा निर्णय गरेको छ । सचिवालय स्थापना गर्दा लाग्ने फर्निचर, कम्प्युटर, प्रिन्टरसहितका सबै सामान गाउँपालिकाबाट खरीद गराउने निर्णय सर्वसम्मतिले गरिएको छ ।

सिसिटिभी क्यामेराबाट सम्पूर्ण वडाको कामकारबाहीलाई निगरानी गर्ने र त्यसका निम्ति कार्यकक्षमा स्क्रिन जडान गर्ने निर्णय पनि गरेको छ । अध्यक्षकै कार्यकक्षमा पालिकाको एक्स्टेन्सन टेलिफोनसमेत जडान गर्ने निर्णय बैठकले गरेको छ ।

गाउँपालिकाका ज्येष्ठ नागरिक, सुत्केरी हुने महिला तथा सडक दुर्घटनामा घाइते भएका नागरिकलाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने र एम्बुलेन्स संचालनमा लाग्ने खर्चको भुक्तानी पालिकाबाट छुट्टै योजना बनाई त्यसबाट भुक्तानी दिने निर्णय गरिएको छ ।

त्यस्तै बैठकले हप्ताको एक दिन शनिबार मात्रै बिदा दिने र वडा नम्बर १, ५ र ६ को फोहोर महुली खोला तथा वडा नम्बर २, ३ र ४ को फोहोर अमसोत खोलामा व्यवस्थापन गर्ने निर्णय गरेको छ । चौधरी नेकपा एमालेबाट अध्यक्षमा निर्वाचित भएका हुन् भने उपाध्यक्षमा कांग्रेसले जितेको छ ।

## निर्वाचित वडा सदस्य पक्राउ

**दैनिक समाचारदाता**
**जनकपुर, १७ जेठ ।**

ज्यान मार्ने उद्योग मुद्दामा फरार रहेको आरोपमा धनुषा प्रहरीले एक जना वडा सदस्यलाई पक्राउ गरेको छ ।

ज्यान मार्ने उद्योग मुद्दामा फरार सूचीमा रहेको जनाउँदै प्रहरीले धनुषाको शहीदनगर नगरपालिका ९ को वडा सदस्यमा हालै निर्वाचित राजेश बिराजीलाई पक्राउ गरेको हो ।

कार्यपालिका सदस्य छनोट गर्नका लागि मतदान गर्न आएको बेला नेकपा (माओवादी केन्द्र) बाट वडा सदस्यमा निर्वाचित बिराजीलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रदीपबहादुर क्षेत्रीले जानकारी दिएका छन् ।

पक्राउ परेका बिराजीमाथि थप अनुसन्धान भइरहेको प्रनाउ क्षेत्रीले बताउँदै मंगलबारै जिल्ला अदालतमा पेश गरिएको जानकारी दिए ।

## जहाज दुर्घटना : मृत्यु भएका २२ जनाकै शव काठमाडौँ ल्याइयो

काठमाडौँ, १७ जेठ (रासस) ।

प्रतिकूल मौसमका कारण आइतबार दिउँसो मुस्ताङको थासाङ गाउँपालिका-२ सानोसरेमा भएको तारा एयरको जहाज दुर्घटनामा परी मृत्यु भएका २२ जनाकै शव काठमाडौँ ल्याइएको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक प्रेमनाथ ठाकुरका अनुसार उक्त विमानमा ज्यान गुमाएका दश जनाको शब हिजो सोमबार साँझ ल्याइएको थियो भने बाँकी रहेका १२ जनाको शब अहिले नेपाली सेनाको एमआई १७ नामक हेलिकप्टरबाट काठमाडौँ ल्याइएको हो ।

उहाँका अनुसार काठमाडौँ ल्याएका शबहरू त्रिवि शिक्षण अस्पतालमा पठाइएको छ । २२ वटै शबहरूलाई त्रिवि शिक्षण अस्पतालमा पोस्टमार्टम गरेपछि आफन्तको जिम्मा लगाइने नेपाल नागरिक उड्डयन प्राधिकरणले जनाएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेको निर्देशनमा मन्त्रालयले सोमबार नै विमान दुर्घटनाको छानबिन गर्न दुर्घटना जाँच आयोग समेत गठन गरेको छ । मन्त्रालयले वरिष्ठ एरोनटिकल इन्जिनियर रतिशचन्द्र लाल सुमन अध्यक्ष रहेको पाँच सदस्यीय दुर्घटना जाँच आयोग गठन गरेको हो । आयोगको सदस्यहरूमा क्याप्टेन दीपु ज्वार्चन, वरिष्ठ मेन्टिनेन्स इन्जिनियर उपेन्द्रलाल श्रेष्ठ, वरिष्ठ मौसमविद् मणिरत्न शाक्य र मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछाने रहनुभएको छ ।

समुन्द्री सतहदेखि चार हजार मिटरभन्दा बढी उचाइमा रहेको घटनास्थलमा अझैपनि कुहिरो लागेको बताइएको छ । आइतबार मानापाथी हिमालको फेदीमा रहेको पहाडमा जहाज ठोक्किएर टुक्राटुक्रा परेको अवस्थामा सोमबार बिहान फेलापरेको थियो । पोखराबाट आइतबार बिहान ९:५५ बजे जोमसोमका लागि उडेको तारा एयरको ९ एनएइटी कलसाइन भएको उक्त विमान बिहान १०:०७ बजे जोमसोम विमानस्थलको टावरबाट सम्पर्क विच्छेद भएको थियो ।

जहाजमा चालक दलका तीनजना क्याप्टेन प्रभाकर घिमिरे सहचालक उत्सब पोखेल, परिचालिका किस्मि थापासहित नेपाली नागरिक इन्द्रबहादुर गोले, पुरुसोत्म गोले, राजनकुमार गोले, बसन्त लामा, गणेशनारायण श्रेष्ठ, रविना श्रेष्ठ, रश्मी श्रेष्ठ, रोजिना श्रेष्ठ, प्रकाश सुनुवार, मकरबहादुर तमाङ, राममाया तमाङ, सुकमाया तमाङ, तुलसादेबी तमाङ रहनुभएको थियो । यस्तै जहाजमा भारतीय नागरिकमा भाइ भाइ बन्देकर, अशोककुमार त्रिपाठी, धनुश त्रिपाठी, रितिका त्रिपाठी रहनुभएको थियो ।

यसैगरी जर्मन नागरिकमा मेकग्रीफ्ट ग्राफ तथा वइ वइल्नर सवार रहेको नेपाल नागरिक उड्डयन प्राधिकरणले जनाएको छ ।

जनज्योती कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय

# छिटोछरितो एव्र सरल तरिकाले सेवा दिन तत्परता देखाउनु जरुरी

मुलुकमा संघीयता आएपछि दोश्रो स्थानिय तह निर्वाचन सम्पन्न भएको छ। निर्वाचन सम्पन्न भएपछि सबै स्थानिय तहका नवनिर्वाचित जनप्रतिनिधिहरुले कार्यभार समेत सम्हालिसकेका छन्। कार्यभार सम्हालेपछि अधिकांश जनप्रतिनिधिले विकासको मुद्दालाई पहिलो प्राथमिकतामा राखेका छन्। उनीहरुले सहर, गाउँ तथा वडाको सरसफाईलाई पनि प्राथमिकतामा राख्दै जनतालाई सरसफाईप्रति सहजता प्रदान गर्न महत्वकाक्षी योजना अघि सारेका हुन्। पुरानो जनप्रतिनिधिहरुले अधुरा गरेका कामहरुलाई पनि पुरा गर्ने उनीहरुले जनता समक्ष वाचा गरेका छन्।

यसरी विकासका मुद्दालाई अघि सार्दै उनीहरुले शिक्षा र स्वास्थ्यलाई केही हदसम्म प्राथमिकतामा राखेको देखिन्छ। हुन पनि हो शिक्षा र स्वास्थ्य जनताको पहिलो प्राथमिकता हो तर अधिकांश जनप्रतिनिधिहरुले त्यसलाई उपेक्षा गरेको देखिन्छ। शिक्षा र स्वास्थ्यका साथ साथै विकासको मुद्दा पनि प्राथमिकतामा पर्न जान्छ। विकास भन्ने कुरा एकै दिनमा नहुने कुरा हो। तर त्यसलाई पंचवर्षिय योजनामा राख्न सके भने त्यसमा सुधार आउने निश्चित छ। तर, शिक्षा र स्वास्थ्यमा परिवर्तनका लागि त्यतिको समय चाहिदैन्। कीन भने शिक्षा र स्वास्थ्यको मेरुदण्ड रहँदै आएको छ। मात्र त्यसलाई थोरै भएपनि पनि परिचालन, अनुगमन र निगरानी गर्न सकिए त्यसले सकारात्मक परिणाम ल्याउन सक्छ।

शिक्षा, स्वास्थ्य र विकास बाहेक अन्य कार्यहरुमा जनप्रतिनिधिहरुको ध्यान पुगोस्। जस्तै जनचेतना, भएका साधनश्रोतहरुको सही परिचालन, कार्यालय व्यवस्थापन लगायतका। तसर्थ यी कार्यहरुबाहेक जनप्रतिनिधिहरु थोरै पनि चनाखो भएमा नगर वा वडा कार्यालयहरुबाट जनताले पाउने निशुल्क सेवा, विभिन्न घटना दर्ता, सिफारिस लगायतका कार्यलाई छिटोछरितो एवं सरल तरिकाले सेवा दिन तत्परता देखाउनु जरुरी छ। अनि मात्र जनताको मतको कदर हुने कुरामा दुईमत नहोला।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८


# अरूलाई उपचार गर्ने वैद्यखाना आफैं बिरामी

**पूर्णप्रसाद मिश्र**

काठमाडौँ, १७ जेठ (रासस)।

कुनै समय राजा महाराजादेखि सर्वसाधारणलाई स्वदेशमै औषधि उत्पादन गरी निरोगी र स्वस्थ राख्न महत्वपूर्ण भूमिका निर्वाह गरेको सिंहदरबार वैद्यखाना मंगलबार आफैं बिरामीले थला परेको छ। गुणस्तरीय आयुर्वेदिक औषधि उत्पादन गरी बिक्री वितरण गर्न स्थापना भएको वैद्यखानामा तीन महिनादेखि काम ठप्प छ।

काम नभएपछि करिब ५० जना कर्मचारी दैनिक कार्यालय आउँछन् र हाजिर गरेर फर्कन्छन्। औषधि उत्पादन गर्ने समितिमा कामै नभएका बेला व्यवस्थापनले भने ज्यालादारी कर्मचारी राखेको भन्दै स्थायी कर्मचारीले विरोध गर्दै आएका छन्। व्यवस्थापनले भने उत्पादन सुरु भएपछि धेरै कर्मचारी आवश्यक पर्ने भन्दै काम नभएको बेलामा पनि तलब खुवाएर राखिरहँदा संस्थाको आर्थिक अवस्था धराशयी बन्दै गएको छ।

कुनै समय वैद्यखानाले देशमा उपलब्ध रहेको प्राकृतिक जडीबुटीको प्रयोग गरेर लगभग १८५ प्रकारका आयुर्वेदिक औषधिको उत्पादन गर्ने गरेकामा अहिले च्यवनप्रास बाहेकका उत्पादन पाइँदैन। उत्पादन र बिक्री नभएपछि तीन महिनादेखि समितिका कर्मचारीले तलब पनि पाएका छैनन्। तलब नपाएपछि राजधानीमा डेरा लिएर बसेका कर्मचारी समस्यामा परेका छन्। व्यवस्थापनले समस्या समाधानका लागि काम नगरेको भन्दै कर्मचारीले दैनिक एक घण्टा निमित्त प्रबन्ध निर्देशकको कार्यकक्षमा धर्ना दिँदै आए पनि कुनै सुनुवाइ भएको छैन।

समितिको बिक्री कक्षमा काम गर्नुहुने आदित्य ठाकुर छ महिनादेखि शिलाजित सकिएको बताउनुहुन्छ। बिक्री कक्षमा दैनिक २५ जना मानिस शिलाजित लिन आउँथे। ग्याष्ट्रिकमा काम गर्ने अविपत्तिकर चूर्ण सकिएको चार महिना पूरा भयो। औषधि खोज्न आउनेलाई समितिले रित्तै फर्काउने गरेको छ।

धेरै रोगमा प्रयोग गर्न सकिने हर्रो, बर्रो र अमलाबाट बन्ने त्रिफला चूर्ण सकिएको पनि सात महिना पूरा भएको उहाँले सुनाउनुभयो। यस्ता धेरै औषधि सकिएको महिनौँ बिते पनि उत्पादनको वातावरण बनाउन समिति व्यवस्थापनले ध्यान दिएको छैन। "औषधि भएका बेला बिल काट्न र बिरामी जाँच्न फुर्सद हुँदैन थियो, अहिले काम नभएर हल्लिएर समय बिताउनुपरेको छ, उत्पादन र बिक्री नहुँदा तलब पनि समयमा पाइएको छैन", ठाकुरले भन्नुभयो।

वैद्यखानामा उत्पादन घटेर कर्मचारीलाई तलब एवं अवकाश पाउनेले नियमानुसार पाउने उपदानका लागि पनि पैसा नहुने भएपछि कर्मचारीले २०७८ साउन २४ गतेदेखि अवकाश कोष खडा गर्न माग गर्दै दैनिक एक घण्टा धर्ना दिने गरेका छन्। अवकाश कोष खडा गर्न माग राखेर धर्नामा बसेको एक वर्ष हुन लाग्दासमेत माग पूरा भएको छैन।

विसं २०७७ चैत ३१ गतेदेखि समितिका निमित्त कार्यकारी निर्देशकका रूपमा कार्यरत डा सबरी साह भने उत्पादन रोकिएको एक महिना मात्र भएको दाबी गर्नुहुन्छ। त्यसअघि थोरै भए पनि औषधि उत्पादन भएको उहाँले सुनाउनुभयो। गत भदौमा औषधि बनाउने कच्चापदार्थ ल्याउन बोलपत्र गरेपछि अर्का व्यक्तिलाई कार्यकारी निर्देशक नियुक्त गरेपछि प्रक्रिया रोकिएर अहिले उत्पादन बन्द हुने अवस्थामा पुगेको भनाइ निमित्त कार्यकारी निर्देशक साहको छ।

गत वर्ष कोरोना महामारी फैलिएपछि च्यवनप्रासको माग बढेको थियो। माग पूरा गर्न समितिले गत कात्तिक ३० गतेदेखि च्यवनप्रास बनायो। अहिले त्यही एउटा च्यवनप्रास बेचेर समिति बसेको छ। अरू उत्पादन भण्डारगृहमा रित्तिन थालेपछि बनाउने प्रक्रिया सुरु नगर्दा समितिमा अहिले औषधि किन्न जाने सर्वसाधारण र थोक बिक्रेता रित्तै फर्कन बाध्य हुने गरेका छन्। विगतमा दैनिक रु एक लाखको औषधि बिक्री गर्ने समितिमा अहिले रु दुई हजारको बिक्री हुन पनि मुस्किल पर्ने गरेको छ।

समितिमा २०६६ देखि २०७० को बीचमा डा सन्तोष ठाकुर कार्यकारी निर्देशक हुँदा शिलाजितको टेन्डर भएको थियो। त्यसपछि बोलपत्र हुन नसक्दा अहिले अभाव भएको हो। त्यसबेला रु एक करोड शिलाजित ल्याइएको थियो। हालै तीन हजार किलोग्राम शिलाजित ल्याउन टेन्डर गरिएको छ।

उत्पादन र बिक्री नभएका कारण गत चैतदेखि तलब खुवाउन नसकिएको निमित्त कार्यकारी निर्देशक साहले स्वीकार गर्नुभयो। विसं २०७७ मा जारी भएको समितिको गठन आदेशमा कम्तीमा दुई महिनामा एकपटक सञ्चालक समितिको बैठक बस्नुपर्ने व्यवस्था छ। समितिमा अनेकौं समस्या आउँदा चार महिनामा पनि बैठक बस्न नसकेको कर्मचारीको गुनासो छ।

समितिका समस्या लिएर पटकपटक स्वास्थ्य मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलगायत निकायमा गए पनि समस्या समाधान हुन नसकेको कर्मचारी केशव शर्मा पौडेलले जानकारी दिनुभयो। औषधि उत्पादनको कच्चापदार्थ ल्याउन साउन महिनामा गरिनुपर्ने बोलपत्र अझैसम्म हुन सकेको छैन।

राजा प्रताप मल्ल (विसं १६९८-१७३१) को पालामा आयुर्वेदिक औषधि उत्पादन गर्ने उद्देश्यले वैद्यखानाका रूपमा स्थापना भएको थियो। शाहकालमा हनुमानढोका दरबारमा राखिएको यस वैद्यखानालाई जङ्गबहादुर राणाको पालामा थापाथली सारिएको। पछि चन्द्रशमशेरले सिंहदरबारमा सारेपछि 'सिंहदरबार वैद्यखाना'को नामले परिचित यो संस्था २०५२ मा विकास समितिबाट सञ्चालित यो संस्था नेपालमा आयुर्वेद औषधि उत्पादन गर्ने एकमात्र सरकारी निकाय हो।

**गठन आदेश परिवर्तन गर्दा समस्या**

विसं २०५१ को गठन आदेशानुसार काम गर्दा समितिमा समस्या देखिएको थिएन। विसं २०७५ मा विकास समिति ऐनअन्तर्गत गठन भएका सबै समिति विघटनको निर्णय मन्त्रिपरिषद्ले गरेको थियो। त्यसबेला सिंहदरबार वैद्यखाना विकास समिति विघटन हुन पुग्यो। लामो वादविवादपछि २०७७ सालमा आएको गठन आदेशमा पहिले जति व्यवस्था पनि नहुँदा समस्या आएको हो।

गठन आदेशमा ११औँ तहको कार्यकारी निर्देशक नियुक्त गर्ने व्यवस्था छ तर समितिको अध्यक्ष नै स्वास्थ्य मन्त्रालयका १०औँ तहका कर्मचारी नियुक्त गरिँदा ११औँ तहका कार्यकारी निर्देशक आउन मानेका छैनन्। समितिमा राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयका उपसचिव पदेन सदस्य रहने व्यवस्था हटाइएपछि सरोकार भएका निकायका प्रतिनिधिको अनुपस्थितिमा काम गर्न अप्ठ्यारो भएको कर्मचारीको गुनासो छ। समिति सदस्यमा निजीस्तरका आयुर्वेदिक औषधि उत्पादनकर्ता र क्लिनिक सञ्चालकलाई राख्न थालेपछि समस्या आउन थालेको हो। स्वार्थ बाझिने व्यक्तिलाई समिति सदस्य बनाउँदा कार्यालयको काम प्रभावित हुने गरेको उनीहरूको भनाइ छ।

**रु एक करोडको कोष गायब**

समितिको नाममा बैङ्क अफ काठमाडौँ लुम्बिनीमा राखिएको रु एक करोड गायब भएको भन्ने विषयले यतिबेला कर्मचारीबीच हल्लीखल्ली मच्चिएको छ। बैङ्कको मुद्धति खातामा राखिएको रकम कहाँ गयो भन्ने बारेमा जानकारी माग गरे पनि व्यवस्थापनले जवाफ दिएको छैन।

अवकाश कोषमा राख्ने भनिएको रु एक करोड एनआइसी एसिया बैङ्कमा स्थानान्तरण गरी गायब बनाइएको हुनसक्ने कर्मचारीको भनाइ छ। समितिका निमित्त कार्यकारी निर्देशक साह आफू आउनुअघिको विषय भएकाले आफूलाई रु एक करोडका विषयमा थाहा नभएको बताउनुहुन्छ। समितिका लेखा अधिकृत रामप्रवेशप्रसाद जयसवाल भने रु एक करोड स्थानान्तरण गरी कार्यालयका नियमित काममा खर्च गरिएको दाबी गर्नुहुन्छ। त्यसबेला आफू लेखा अधिकृतको जिम्मेवारीमा नभएकाले यसको विस्तृत जानकारी भने आफूसँग नभएको उहाँको भनाइ छ।

**कोरोनाकालमा माग धान्नै थियो मुस्किल**

आयुर्वेद शास्त्रको 'यस्य देशस्य यो जन्तो : तस्य तद् औषधं हितम्' अर्थात् जुन स्थानमा मानिस जन्मन्छ, उसलाई औषधिको काम गर्ने वनस्पति त्यहीँ हुन्छ भन्ने सिद्धान्तका आधारमा विभिन्न जडीबुटीबाट बनेका औषधिको माग बढेको थियो। आयुर्वेदिक गुणले

*बाँकी अन्तिम पृष्ठमा*

# एकै परिवारका सातको मृत्युपछि शोकमा डुब्यो लोहटा

जनकपुर, १७ जेठ (रासस)।

"तारा एयरको फ्लाइटबाट आज हामी मुक्तिनाथ जाँदै छौँ, मुक्तिनाथ दर्शन गराएर भोलि काठमाडौँ फर्कन्छौँ, पर्सी जनकपुर आइपुग्छौँ" आफ्नो अति नै मिल्ने साथी राजन गोलेसँग फोनमा भएको कुराकानी सुनाइरहँदा धनुषाको मिथिला नगरपालिकास्थित ढल्केबरका सोमप्रसाद शर्माले आँशु थाम्न सक्नुभएन।

पोखराबाट जोमसोमका लागि उडेको तारा एयरको विमान आइतबार दुर्घटना हुँदा मिथिला नगरपालिका-११ तुल्सीपाटो लोहटा बस्ने ४० वर्षीय राजन गोलेसहित उहाँको परिवारका सात जनाको मृत्यु भएको थियो।

सो घटना सार्वजनिक भएसँगै परिवारजनलाई सान्त्वना दिन पुग्नुभएका सोमप्रसादले राजनसँग भएको अन्तिम कुराकानी सुनाइरहँदा उपस्थित गाउँले र परिवारको आँशुसमेत थामिएन् "घरबाट सबैजना गाडीमै काठमाडौँ पुग्नुभयो, त्यहाँबाट शनिबार एती एयरको विमानबाट पोखरा पुगेर राति होटेलमा बस्नुभयो", राजनसँग फोनमा भएको कुराकानी सम्झिँदै राजनले भन्नुभयो, "आइतबार बिहान ९:५५

*बाँकी तीन पृष्ठमा*


डा. सरोज कुमार साह

Dr. Saroj Kumar Sah

MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288

हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव

Dr. Kali Prasad Yadav

MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203

कन्सलटेन्ट फिजिसियन

मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव

Dr. Jayanti Yadav

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# बजेटमा मधेस प्रदेश : धेरै योजना समेटिएकामा स्थानीयवासी खुसी

जनकपुर, १७ जेठ (रासस) ।

सरकारले आगामी आर्थिक वर्ष २०७९/८० को बजेटमार्फत मधेस प्रदेशका थुप्रै योजनालाई समेटेको छ । यसका कारण सर्वसाधारण उत्साहित बनेका छन् । सरकारले मधेस प्रदेशको राजधानी जनकपुरधाम र बाराको सिमरौनगढलाई विशेष पर्यटकीयस्थलका रूपमा प्रवर्द्धन गरिने घोषणा गरेको छ ।

आइतबार प्रतिनिधिसभा र राष्ट्रियसभाको संयुक्त बैठकमा आगामी आव २०७९/८० को बजेट सार्वजनिक गर्नुहुँदै अर्थमन्त्री जनार्दन शर्माले मधेस प्रदेशको जनकपुरधाम र सिमरौनगढलगायतका धार्मिक, सांस्कृतिकस्थललाई विशेष पर्यटकीयस्थलका रूपमा प्रवर्द्धन गरिने घोषणा गर्नुभएको हो ।

पर्यटन प्रवर्द्धन गरी आयस्तरलाई आत्मनिर्भर बनाउने योजना अघि सारेको सरकारले आगामी आवभित्र थप १० लाख पर्यटन भित्र्याउने र त्यसका लागि दक्षिणी र उत्तरी सीमा क्षेत्रका सहरहरूमा पर्यटन मन्त्रालयमार्फत विशेष पर्यटन मेला तथा रोड शो सञ्चालन गरिने घोषणा गरेको छ । सरकारले बन्द अवस्थामा रहेको जनकपुर चुरोट कारखाना, वीरगञ्जको चिनी मिल सञ्चालनमा ल्याउने भएको छ ।

अर्थमन्त्री शर्माले रुग्ण तथा बन्द अवस्थामा रहेका जनकपुर चुरोट कारखाना, विराटनगर जुट मिल, कृषि औजार कारखाना, गोरखकाली रबर उद्योग, वीरगञ्ज चिनी उद्योग, हेटौंडा कपडा उद्योग र बुटवल धागो उद्योग उपयुक्त ढाँचामा सञ्चालनमा ल्याइने घोषणा गर्नुभएको थियो । जनकपुर चुरोट कारखाना परिसर अहिले मधेस प्रदेश सरकारको मन्त्रालय र आवाससहित मधेस भवनमा परिणत भइसकेको छ ।

यस्तै बाराको सिमरालाई विशेष आर्थिक क्षेत्रका रूपमा विकास गर्ने घोषणा गर्नुहुँदै अर्थमन्त्री शर्माले बाराको निगजढ विमानस्थलको ढाँचा निर्माण गरी लगानी बोर्डबाट आयोजना विकास कार्य अगाडि बढाउने योजना बजेटमार्फत सार्वजनिक गर्नुभयो ।

महोत्तरीको जलेश्वरमा सुख्खा बन्दरगाह निर्माणको सम्भाव्यता अध्ययन गरी निर्माण अघि बढाइने उल्लेख गर्नुहुँदै अर्थमन्त्री शर्माले जयनगर-जनकपुर कुर्था रेल सेवा विस्तार गरिने घोषणासमेत गर्नुभएको छ । आगामी आवभित्र जयनगर-जनकपुर कुर्था रेल सेवालाई बर्दिबाससम्म विस्तार गरिने घोषणा गर्नुहुँदै उहाँले वीरगञ्ज-काठमाडौँसम्म रेल सेवाको सम्भाव्यता अध्ययन गरिने जानकारी दिनुभयो ।

सप्तरीको राजविराजमा चिकित्सक विज्ञान राष्ट्रिय प्रतिष्ठानमार्फत सुपर स्पेशलिष्ट सेवामार्फत सुपर स्पेशलिष्ट सेवा उपलब्ध गराउने अस्पताल स्थापनाको काम अघि बढाउने घोषणा गर्दै राजविराजमा निर्माणाधीन रामराजप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालन तथा पूर्वाधार निर्माणका लागि बजेट विनियोजन गरिएको अर्थमन्त्री शर्माले घोषणा गर्नुभयो ।

राष्ट्रपति चुरे संरक्षण कार्यक्रमलाई निरन्तरता दिने घोषणा गरेको सरकारले तराई-मधेसका नदीहरूमा तटबन्धन निर्माण गरी नदीउकास जग्गामा वृक्षरोपण तथा बगरखेती गर्न प्रोत्साहित गर्ने घोषणा गर्नुहुँदै अर्थमन्त्री शर्माले नदीमा तटबन्धन निर्माणको कामलाई प्राथमिकताका साथ अघि बढाइने बताउनुभयो ।

यस्तै आगामी आव २०७९/८० मा सिरहाको मिर्चैयाबाट लुक्लासम्म सडकमार्ग निर्माणको कामलाई प्राथमिकताका साथ अघि बढाउने घोषणा गरेको सरकारले पूर्व-पश्चिम राजमार्गअन्तर्गत कमलाबाट सप्तरीको कञ्चनपुरसम्मको सडक स्तरोन्नतिको कामलाई तीव्रता दिने र आगामी आवमा कमला-ढल्केबर-पथलैयासम्म सडक स्तरोन्नतिको काम अघि बढाइनेछ ।

काठमाडौँ-तराई मधेस द्रुतमार्गलाई आगामी तीन वर्षभित्र सकिने गरी कामलाई तीव्रता दिइने जानकारी दिनुहुँदै अर्थमन्त्री शर्माले निर्माणाधीन पूर्व-पश्चिम हुलाकी राजमार्गअन्तर्गत थप ३०० किलोमिटर सडक कालोपत्र गर्न र २३ वटा पुल निर्माणका लागि बजेट विनियोजन गरिने घोषणा गर्नुभयो ।

तराई-मधेसका जिल्ला सदरमुकाम जोड्ने सडकलाई आगामी वर्षभित्र सडक स्तरोन्नति गरिने उल्लेख गर्नुहुँदै अर्थमन्त्री शर्माले सप्तरी सदरमुकाम राजविराज जोड्ने सडकलाई चार लेनमा विस्तार गरिने बताउनुभयो । विगतको भन्दा कृषि क्षेत्रलाई विशेष प्राथमिकता दिएको सरकारले तराई-मधेसका किसानको खेतमा बाह्रै महिना सिँचाइ पुऱ्याउन डिपटयुबेल र स्यालोटयुबेलमार्फत सिँचाइ सेवा विस्तार गरिने घोषणा गर्नुहुँदै अर्थमन्त्री शर्माले किसानलाई बीउ र मलमा विशेष अनुदान दिने घोषणा गरेको छ ।

यसरी विगतको भन्दा सरकारले मधेस प्रदेशका थुप्रै र महत्वपूर्ण योजनालाई बजेटमार्फत सम्बोधन गरेको भन्दै स्थानीयवासी खुसी भएका छन् । "सरकारले धार्मिक, सांस्कृतिक र ऐतिहासिकस्थल जनकपुरधामलाई विशेष पर्यटकीयस्थल बनाउने घोषणा गर्नु आफैँमा स्वागतयोग्य छ", जनकपुरधाम उपमहानगरपालिका-४ का स्थानीयवासी वसन्त साहले भन्नुभयो, "यसबाट जनकपुरधाम पर्यटन प्रवर्द्धनसँगै आर्थिक समृद्धिको बाटो खुल्ने छ", यसलाई तत्काल कार्यान्वयनमा लैजानुपर्ने उहाँको भनाइ छ ।

## एकै परिवारका...

को तारा एयरको विमानबाट जोमसोम जाने टिकट लिएका छौँ, चिया खाएर एयरपोर्टतिर जान्छौँ भने, कुराकानी लगत्तै उहाँसँग फोन काटियो ।" त्यो नै उहाँसँगको अन्तिम कुराकानी भएको शर्माले सुनाउनुभयो ।

"भर्खरै सम्पन्न स्थानीय तह निर्वाचनको पूर्व सन्ध्यामा राजन गोलेले साथीभाइसँग घुम्न जाने की आमाबुबालगायत आफन्तजन ज्येष्ठलाई तीर्थ लैजाने योजना बुन्दै हुनुहुन्थ्यो" उहाँका अति मिल्ने साथीमध्येका शर्माले भन्नुभयो, "चुनाव सकिएपछि राजन पहिला आमाबुबा, मामामाइजु, काकाकाकीलाई तीर्थ घुमाएर फर्किने र पछि साथीभाइसँग श्रीमती छोराछोरीसहित भ्रमण जाने निष्कर्षमा पुग्नुभएको थियो ।"

मुस्ताङको प्रसिद्ध धार्मिकस्थल मुक्तिनाथ मन्दिर तीर्थ यात्राको मुख्य गन्तव्य बनाउनुभएका राजन गत शुक्रबार बुबा इन्द्रबहादुर गोले, आमा राममाया तामाङ, काका पुरुषोत्तम गोले, काकी तुलसादेवी तामाङ, मामा मकरबहादुर तामाङ र माइजु सुकुमाया तामाङलाई लिएर तीर्थयात्रामा निस्किनु भएको शर्माले सम्झिनुभयो ।

तर उहाँहरू पोखराबाट मुस्ताङको लागि चढेको तारा एयरको सो विमान उडेको केही समय पश्चात अर्थात् १० बजेर ७ मिनेटमा सम्पर्कविहीन भएको खबरले सनसनी फैलिएको थियो । घटना बाहिरिएसँगै राजनका घरपरिवार इष्टमित्र गाउँले शशङ्कित भएको थियो । आइतबार लामो समयसम्म विमान नभेट्दा दुर्घटना नै भएको आशङ्का थियो । तर आइतबार विमान दुर्घटना भएको र विमानमा सवार सबैको मृत्यु भएको पुष्टि भएपछि यतिबेला गाउँले शोकमा डुबेका छन् ।

विमान सम्पर्कविहीन भएको र सो विमानमा राजनको परिवारसमेत रहेका थाहा पाउलगत्तै उहाँको घरमा पुग्नुभएका मधेश सरकारका उद्योग वन पर्यटनमन्त्री सत्रुधन महतो गाउँले र परिवारको विलौना सुनेर भावुक हुनुभयो । "हामीलाई ठूलो क्षति पुगेको छ, हामी शोकमा डुबेका छौँ" उहाँले भन्नुभयो ।

सोमबार बिहान तारा एयरको विमान दुर्घटनाग्रस्त अवस्थामा भेटिएको छ । दुर्घटननमा तीन सदस्य चालक दलसकासहित २२ जना सवार थिए । सबैको मृत्यु भएको छ । राजन गोलेसहित उहाँका परिवारका सातैजनाले सोही दुर्घटनामा आकालमै ज्यान गुमाउनुपरेको छ ।

ी आमाबुबासहित आफन्तको हेरचाह, गाउँको सामाजिक कार्यले कहिलेकाहीँ घर आउनेजाने गर्ने राजन गरिब उत्पीडितलाई सहयोगसहित समाज सुधारका कार्यक्रमा सक्रिय रहँदै आउनुभएको उहाँका छिमेकीहरूले बताएका छन् ।

लामो समयदेखि सामाजिक कार्यमा सक्रिय राजन गोलेका श्रीमती दीपा सुवेदी र दुई छोराछोरी काठमाडौँ बस्दै आएका छन् । समाज शास्त्रमा स्नातक गरेका राजन काठमाडौँ मकलबारी टोल सुधार समितिका सदस्य, धनुषा काठमाडौँ सम्पर्क मञ्चका सदस्य, सल्लाहकार सदस्य, आदिवासी जनजाती परिषद् सदस्य भएर काम गर्दै आउनुभएको थियो ।

सोही दुर्घटनामा मृत्यु भएका राजनका मामा मकरबहादुर तामाङ स्थानीय राष्ट्रिय प्राथमिक विद्यालय लोहटामा २५ वर्ष प्रधानाध्यापक रहेर केही वर्षअघि सेवानिवृत हुनुभएको थियो । सामुदायिक वनको विभिन्न तहमा रहेर मकरबहादुर चुरे संरक्षण अभियानमा सक्रिय हुनुहुन्थ्यो ।

"अकल्पनीय दुर्घटनाले आत्मीय मित्र परिवारजनसहित गुमाउनु पर्दा मन थामिरहेको छैन", सोमप्रसादले भन्नुभयो, "आमाबुबासहित आफन्तलाई तीर्थ घुमाउने र फर्केपछि हामीसँगै पारिवारिक भ्रमण जाने राजनको सपना अधुरै रह्यो, हामीमाथि ठूलो बज्रपात भएको छ ।"

स्थानीय शोक मनाउनुबाहेक अन्य विकल्प नभएको बताउँदै दुर्घटनामा ज्यान गुमाएका गोलेको परिवारलगायतलाई विभिन्न माध्यमद्वारा श्रद्धाञ्जली व्यक्त गरिरहेका छन् ।

## विश्व समाचार

### इन्धन खरिदका लागि पचास करोड डलर ऋण दिन भारतसँग आग्रह

कोलम्बो, १७ जेठ (रासस/एएनआई) ।

देशमा जारी आर्थिक सङ्कटबाट पार पाउने प्रयासस्वरुप श्रीलङ्काले इन्धन आयातका लागि ५० करोड अमेरिकी डलर ऋण उपलब्ध गराउन भारतसँग अनुरोध गरेको छ । उक्त रकम प्राप्तिका लागि श्रीलङ्का सरकारले भारतसँग वार्ता गरिरहेको छ ।

भारतका लागि श्रीलङ्काका उच्चायुक्त मिलिन्दा मोरागोडाले गत साता भारतका अर्थमन्त्री निर्मला सीतारमणसँगको भेटवार्तामा थप ऋण सहयोगबारे अनुरोध गर्नुभएको थियो । यसअघि भारतले प्रदान गरेको ५० करोड अमेरिकी डलरको यो अतिरिक्त रकम हो । अतिरिक्त ऋणका लागि श्रीलङ्काली उच्चायुक्तले वार्ता गर्नुभएको हो ।

श्रीलङ्काले सन् १९४८ मा स्वतन्त्रता प्राप्त गरेपछिको सबैभन्दा खराब आर्थिक सङ्कटको सामना गरिरहेको छ । आर्थिक मन्दीले पिरोलिएको टापुराष्ट्र कोभिड-१९ महामारीका कारण थप प्रभावित भयोभने महामारीको समयमा पर्यटन उद्योग सञ्चालन नहुँदा विदेशी मुद्राको सञ्चिति सकिएसँगै ऋण सहायताका निम्ति छिमेकी भारतलाई गुहार्नु परेको हो ।

विदेशी मुद्राको अभावमा देशलाई पर्याप्त इन्धन किन्न असमर्थ मात्र बनाएन सर्वसाधारणलाई खाना पकाउने ग्यास, खाद्यान्न र अन्य आधारभूत आवश्यकता पूरा गर्न हम्मेहम्मे परेको छ । आधारभूत आवश्यकता पूरा हुन नसक्दा अधिकतर श्रीलङ्कालीको जीवन अकल्पनीयरुपमा कष्टकर बनेको छ ।

भारतले अत्यावश्यक सामग्री आयातका लागि अर्को एक अर्ब अमेरिकी डलरको ऋण प्रस्ताव गरेको तथा त्यसमध्ये २० करोड डलर इन्धन आयातमा खर्च हुनेछ । यो टापु राष्ट्रले डिजेल र पेट्रोलको लागि हालसम्म ७० करोड अमेरिकी डलर खर्च गरिसकेको छ । उक्त रकम पनि भारतबाट ऋणस्वरुप प्राप्त भएको थियो ।

यसैबीच, प्रधानमन्त्री रनिल विक्रमासिङ्घेले आफ्नो देशमा जारी आर्थिक सङ्कटको बीचमा भारतले गरेको सहयोगको प्रशंसा गर्दै दुई राष्ट्रबीचको सम्बन्धलाई अझ सुदृढ गर्ने इच्छा व्यक्त गरेका गर्नुभएको छ । "यो कठिन समयमा भारतले गरेको सहयोगका लागि आभार व्यक्त गर्दछु । म हाम्रा राष्ट्रहरूबीचको सम्बन्धलाई अझ सुदृढ गर्न तत्पर छु," उहाँले सामाजिक सञ्जालमा भन्नुभएको छ ।

### दश करोडभन्दा बढी किसानलाई २१ हजार करोड हस्तान्तरण

शिमला, १७ जेठ (रासस/एएनआई) ।

प्रधानमन्त्री नरेन्द्र मोदीले प्रधानमन्त्री किसान सम्मान निधि योजनाअन्तर्गत १० करोड भन्दाबढी किसानलाई रु २१,००० करोड हस्तान्तरण गर्नुभएको छ ।

प्रधानमन्त्री मोदी 'गरीब कल्याण सम्मेलन'मा सहभागी हुन मंगलबार यहाँ आएका बेला उक्त रकम हितानुपेक्षी किसानलाई हस्तान्तरण गरिएको हो । प्रधानमन्त्री मोदिले स्थानीय रिज मैदानमा जारी सम्मेलनका क्रममा किसानसँग विभिन्न सरकारी योजनाबारे पनि छलफल गर्नुभएको थियो । उहाँले देशभरका जनप्रतिनिधिसँग सरकारले सञ्चालन गरेका विभिन्न कल्याणकारी कार्यक्रमका बारेमा प्रतिक्रिया मान्नुभएको थियो ।

प्रधानमन्त्री कार्यालयका अनुसार मुलुकका नागरिकको सहज जीवनयापनमा सुधार ल्याउन सरकारी कार्यक्रमको पहुँच र वितरणलाई थप प्रभावकारी बनाउने उद्देश्यले सम्मेलनको आयोजना गरिएको हो । प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको भारतीय जनता पार्टीको सरकारले मे ३० मा केन्द्रमा आफ्नो आठ वर्ष पूरा गरेको छ ।

### युक्रेनमा शान्ति स्थापना बारे छलफल

किभ, १७ जेठ (रासस/सिन्ह्वा) ।

युक्रेनका राष्ट्रपति भोलोदमिर जेलिन्स्की र टर्कीका राष्ट्रपति रिसेप तैयप एर्डोगानबीचमा सोमबार फोनवार्ता भएको छ ।

युक्रेनका राष्ट्रपति जेलिन्स्कीले दिनुभएको जानकारीअनुसार उहाँहरुका बीचमा सम्पन्न सो फोनवार्ताका क्रममा युक्रेनमा शान्ति स्थापनाको आवश्यकतामा सहमति भएको राष्ट्रपति भोलोदमिर जेलिन्स्कीले बताउनुभयो ।

उहाँले आफूले सोमबार टर्कीस् राष्ट्रपति एर्डोगानसँग वार्ता गरेको र उहाँ युक्रेनमा शान्ति स्थापनाका लागि तयार रहनुभएको जानकारी दिनुभएको छ ।

युक्रेनका राष्ट्रपति भोलोदमिर जेलिन्स्कीले सोमबार ट्वीटमार्फत् दिनुभएको जानकारी अनुसार टर्कीस् राष्ट्रपति एर्डोगानले युक्रेनमा शान्तिको स्थापना हुनुपर्ने भन्दै त्यसका लागि आवश्यक मात्रामा टर्कीले सघाउने कुरा गरेको बताउनुभएको थियो ।

राष्ट्रपति जेलिन्स्कीले यो सहयोग र सदासयताको सराहना गर्नुपर्ने पनि सो ट्वीटमा उल्लेख गर्नुभएको छ ।

रुसले युक्रेनमा सैन्य कारबाही गरिरहेको छ । यसबाट युक्रेनको आर्थिक अवस्था सङ्कटपूर्ण बन्दै गएको बताइएको छ ।


डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh
MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734

# नेपालमा सुर्तिजन्य पदार्थको सेवनबाट वार्षिक २७ हजारको मृत्यु

काठमाडौँ, १७ जेठ (रासस)।

नेपालमा सुर्तिजन्य पदार्थको सेवनबाट वार्षिक करिब २७ हजार मानिसको मृत्यु हुने गरेको पाइएको छ। राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्रका निर्देशक सुनिलराज शर्माले मंगलबार विज्ञप्ति जारी गर्दै नेपालमा हरेक वर्ष २७ हजार १३७ मानिसको मृत्यु सुर्तीजन्य पदार्थको सेवनका कारण हुने गरेको जनाउनुभयो। जुन सङ्ख्या नेपालको जम्मा मृत्युको करिब १५ प्रतिशत हो।

विश्वमा वार्षिक ८० लाख मानिसको मृत्यु सुर्तीजन्य पदार्थको सेवनको कारण हुन्छ। जसमध्ये ७० लाख प्रत्यक्ष सुर्तीजन्य पदार्थको सेवन र १२ लाखसँगै बस्नेले खाएको चुरोटको धुवाँको असरका कारणले मृत्यु हुने तथ्याङ्कले देखाएको छ।

सुर्तीजन्य पदार्थको सेवनले क्यान्सर, मुटु रोग, दीर्घ श्वासप्रश्वाससम्बन्धी रोग र मधुमेह रोग लाग्ने गर्दछ। सुर्तीजन्य पदार्थको असरलाई न्यूनीकरण गर्न नेपालमा सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमनसम्बन्धी ऐन, कानुन र निर्देशिका पारित भई लागू भइसकेको जनाइएको छ।

"आम जनताको सु-स्वास्थ्य सुनिश्चित गर्न, सुर्तीजन्य पदार्थ नयाँ सेवनकर्ताको दरमा कमी ल्याउन र अमलीहरूलाई लतबाट छुटाउन विभिन्न अभियान र कार्यक्रमसमेत भइरहेका छन्," उहाँले जारी गर्नुभएको विज्ञप्तिमा भनिएको छ, "तर सुर्ती उद्योगको हस्तक्षेप र उनीहरूको रणनीतिले चुनौती भने यथावत् नै रहेको अवस्था छ। हाल प्रचलित ई-सिग्रेट, सिसा, हुक्कालगायतका सुर्तीजन्य पदार्थका आधुनिक र परिस्कृत रुपलाई समेट्ने गरी वृहत तरिकाले कार्यक्रम सञ्चालन गर्न समेत आवश्यक देखिन्छ।"

हरेक वर्ष मंगलबार विश्व सुर्तीजन्य पदार्थरहित दिवस मनाउने गरिन्छ। "सुर्तीजन्य पदार्थ त्यागौँ, स्वास्थ्य र वातावरण जोगाऔँ रहेको छ" भन्ने नाराका साथ मनाइने गरिएको छ। सुर्तीजन्य पदार्थको सेवनले मानव स्वास्थ्यमा मात्र नभइ सबै वातावरणमा नै असर गर्ने भएकोले यसलाई त्याग्नु वा सेवन नगर्नु नै सबैभन्दा उत्तम उपाय रहेको उहाँले विज्ञप्तिमा जनाउनु भएको छ। सुर्तीजन्य पदार्थले प्रत्यक्षरूपमा मानिसको स्वास्थ्यमा असर गर्नुको साथै वातावरणमा पनि गम्भीर असर गर्ने गरेको जनाइएको छ।

सुर्तीजन्य पदार्थको खेती, उत्पादन, सेवनका कारण निम्त्याउने वातावरणीय प्रभावलाई न्यूनीकरण गर्न सुर्तीजन्य पदार्थरहित दिवसलाई वर्षौंभरि अभियानको रूपमा सञ्चालन गर्नुपर्ने उहाँको भनाइ छ। सुर्तीजन्य पदार्थको खेती र उत्पादन गर्ने क्रममा, प्रयोग/सेवन गर्दा र प्रयोग पश्चातका फोहोरले पानीका स्रोत, माटो, वायु र सहर नै प्रदूषित भइरहेको अवस्था छ।

विश्वमा हरेक वर्ष ३५ लाख हेक्टर जमिन सुर्ती खेतीका लागि नष्ट गरिन्छ। सुर्ती खेतीका कारण वन फँडानी हुने र माटोको उपादकत्वमा समेत ह्रास हुने गरेको पाइएको छ। "सुर्तीजन्य पदार्थको उत्पादनका क्रममा निस्कने विभिन्न विषाक्त ग्यासका कारण जलवायु परिवर्तन पनि भइरहेको बताइएको छ," विज्ञप्तिमा भनिएको छ, "त्यसैले सुर्तीजन्य पदार्थको उत्पादन र सेवन दुबै कुरालाई निरुत्साहित गर्नु अति नै आवश्यक छ।" विश्वमा उत्पादन गरिने सुर्तीजन्य पदार्थमध्ये ९० प्रतिशत विकोसोन्मुख देशमा उत्पादन गरिन्छ।

न्यून तथा मध्यम वर्गीय देशका किसान तथा सरकारले सुर्तीजन्य पदार्थ उत्पादनलाई राम्रो आयस्रोतको रूपमा लिएको देखिए पनि उनीहरूले भविष्यमा यसले निम्त्याउने गम्भीर समस्या जस्तैः खाद्य असुरक्षा, रोग, गरिबी र वातावरणीय असरबारे भने सचेत नभएको पाइन्छ।

# अध्यक्ष सिग्देल अन्तर्राष्ट्रिय पत्रकार महासंघमा निर्वाचित

काठमाडौँ, १७ जेठ (रासस)।

नेपाल प्रेस युनियनका केन्द्रीय अध्यक्ष बद्री सिग्देल विश्वभरका पत्रकारहरूको छाता संस्था अन्तर्राष्ट्रिय पत्रकार महासंघ (आइएफजे)को कार्यकारी समिति सदस्यमा निर्वाचित हुनुभएको छ। ओमानको राजधानी मस्कटमा जारी अन्तर्राष्ट्रिय पत्रकार महासंघको वर्ल्ड कङ्ग्रेसमा उहाँ मङ्गलबार आइएफजेको कार्यकारी समिति सदस्यमा निर्वाचित हुनुभएको सो भेलामा सहभागी नेपाल पत्रकार महासंघका वरिष्ठ उपाध्यक्ष रमेश विष्टले जानकारी दिनुभयो।

नेपालको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा र नागरिक अधिकारको पक्षमा नेपाली प्रेसले खेलेको भूमिकाको मूल्याङ्कन गर्दै अध्यक्ष सिग्देललाई एसिया प्यासिफिकअन्तर्गत दक्षिण एसियाको प्रतिनिधित्व गरी आइएफजेको कार्यकारी समिति सदस्यमा निर्वाचित गरिएको हो। आइएफजेको यो तहमा नेपालबाट निर्वाचित हुने युनियनका अध्यक्ष सिग्देल सम्भवतः पहिलो व्यक्ति हुनुभएको युनियनका कावा महासचिव भीष्मराज ओझाले जानकारी दिनुभयो। प्रेस युनियन अन्तर्राष्ट्रिय पत्रकार महासंघको नेपालबाट सदस्यता प्राप्त गर्ने पहिलो संस्था हो। श्रमजिवी पत्रकारका हकहित र लोकतन्त्रका लागि योगदान गर्नेलगायत उद्देश्यका साथ युनियनको स्थापना २०४८ साल जेठ १३ गते भएको हो।

ॐ यमाय धर्मराजाय श्री चित्रगुप्तायवै नमः

जि.प्र.का.द.नं. २७/२०४८
स.क.प.आ.सं. ६८१३

## श्री चित्रगुप्त सेवा समिति

मुख्य कार्यालय - राजविराज, सप्तरी (नेपाल)
(स्थापित- वि.सं. २०२४ साल/१९६८ ई.)
फोन : ०३१-५२०८००

मिति:२०७९/२/१२

विषय:-निर्वाचन (चुनाव) कार्यक्रम सम्बन्धमें।

आजिवन/साधारण सदस्य श्री ..............................

..............................

उपर्युक्त सम्बन्धमें श्री चि.से.स.राजविराज निर्वाचन आयोग द्वारा आगामी कार्यकारणीक चयन वास्ते निम्न दिनाङ्क स्थान आ समयमें निम्नानुसारक कार्यक्रम होवाक निश्चय भेल अछि। कार्यक्रम समयमे अनिवार्य सहभागी हेवाक लेल आग्रह अनुरोध अछि।

### कार्यक्रम

स्थान:- श्री चित्रगुप्त मन्दिर राजविराज-२, राजदेवी टोल,सप्तरी

| मिति | क्र.सं. | विवरण | समय |
|---|---|---|---|
| २०७९।०२।२८ | १. | मतदाता नामावली प्रकाशन | दिनक १० बजे |
| " | २. | मतदाताक छुट नाम दर्ता एवं नामावलीमें संसोधन | दिनक ११ बजे सँ १ बजे धरि |
| " | ३. | मतदाताक अन्तिम नामावली प्रकाशन | दिनक २ बजे के वाद |
| २०७९।०२।२९ | ४. | उम्मेदवारक मनोनयन दर्ता | दिनक १० बजे सँ १ बजे धरि |
| " | ५. | उम्मेदवारक मनोनयन उपर छानविन | दिनक २ बजे सँ २:३० बजे धरि |
| " | ६. | उम्मेदवारक नामावली प्रकाशन | दिनक ३ बजे के वाद |
| २०७९।०२।३० | ७. | उम्मेदवारक उपर दावी विरोध | दिनक १० बजे सँ १२ बजे धरि |
| " | ८. | पून:उम्मेदवार नामावली प्रकाशन | दिनक १ बजे सँ ३ बजे धरि |
| २०७९।०२।३१ | ९. | उम्मेदवारी फिर्ता लेवाक | दिनक १० बजेसँ ३ बजे धरि |
| " | १०. | उम्मेदवारक अन्तिम नामावली प्रकाशन | दिनक ३ बजे वाद |
| २०७९।०३।०४ | ११. | मतदान.............................. | दिनक १० बजे सँ ३ बजे धरि |
| " | १२. | मतगणना आ परिणामक घोषणा | मतदान सम्पन्न भेलाके वाद मतगणना आ परिणामक घोषणा |

नोट:- (क) २०७८ फाल्गुन धरीक सदस्यता ग्रहण एवम् नवीकरण कयल सदस्य मात्र चुनाव कार्यक्रममे सहभागी भऽसकैत अछि।
(ख) कार्यकारणीक पदाधिकारी आ सदस्यक उम्मेदवारी लेल विधानक भाग ७ धारा ९.५ अनुसारक योग्यता पहुचवाक आवश्यक अछि।
(ग) उमेर प्रमाणित करवाक लेल उम्मेदवारी संग नागरिकता वा उमेर प्रमाणित करैवाला आधिकारिक प्रमाणक छाँयाकपी अनिवार्य अछि।
(घ) निवाचन प्रयोजनक लेल विधान एवम् निर्वाचन नियमावली अनुसार लागयवाला शुल्क फिर्ता नै होयत।
(ङ) अन्य निर्वाचनक काम कारवाही विधान एवम् निर्वाचन नियमावली अनुसार होयत।
(च) निर्वाचन आयोग के निर्धारित कार्यक्रम में परिवर्तन वा स्थगित सकवाक अधिकार निहित रहत।

(नरसिंह लाल कर्ण)
प्रमुख आयुक्त
चि.स.स. सप्तरी
निर्वाचन आयोग

# मेलामा नेपाली नक्कली नोट साट्दै गर्दा दुई पक्राउ

**दैनिक समाचारदाता**
**वीरगञ्ज, १७ जेठ।**

मेलामा नेपाली नक्कली नोट साट्दै गरेको अवस्थामा पर्सा प्रहरीले दुई युवकलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा बहुदरमाई नगरपालिका ८ का १९ वर्षीय राजाबाबु साह तेली र पटेर्वासुगौली गाउँपालिका घर भई हाल बहुदरमाई नगरपालिका ८ बस्ने २० वर्षीय अजय सहनी छन्।

पर्साको जगरनाथपुर गाउँपालिका ६ स्थित लागेको दुर्गा भगवती मेलामा नक्कली नेपाली एक हजार दरका नोट साट्दै गरेको अवस्थामा उनीहरूलाई (२० थान) २० हजार नक्कली रकमसहित प्रहरीले पक्राउ गरेको हो।

प्रहरीले नक्कली नोट साटिरहेको खबर पाएपछि इलाका प्रहरी कार्यालय पोखरियाबाट खटिएको टोलीले खोजतलास गर्दै जाँदा उक्त मेलाबाटै नक्कली नोटसहित दुवैलाई नियन्त्रणमा लिइ इलाका प्रहरी कार्यालय पोखरियामा मुद्रासम्बन्धी कसूरमा अनुसन्धान अगाडि बढाइएको प्रहरीले जनाएको छ।

पखालाबाट बचौं र बचाऔं।

पखाला लाग्न नदिन,

- खुलास्थानमा शौच नगरौं, शौचालयको प्रयोग गरौं।
- शौचालयको प्रयोग र फोहोर छोएपछि साबुनपानीले मिचिमिचि हात धुने गरौं।
- खाना बनाउनु खुवाउनु र खानु अघि पनि साबुनपानीले हात धुने गरौं।
- उमालेको र फिल्टर गरेको शुद्ध र सफा पानीमात्र पिउने गरौं।
- बासी, सडेगलेका र झिंगा भन्किएका खानेकुरा नखाऔं।
- खानेपानीको मुहान सफा र सुरक्षित राखौं।
- घरका कोठा, आँगन, कौशी, बरण्डा, भान्सा, शौचालय एवं वरिपरि सफा राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

### अरूलाई उपचार गर्ने ...

युक्त वनस्पतिको संरक्षणका लागि औषधि प्रवर्द्धन गरिनुपर्नेमा अहिले खस्कन थालेकामा गुर्जोलगायत वनस्पतिको प्रचारप्रसारमा लाग्नुभएका अभियानकर्मी कमलबहादुर राजलवट चिन्तित हुनुहुन्छ।

हिमालयका काखमा रहेको नेपाली वनपाखामा धेरै किसिमका औषधीय गुणले युक्त जडीबुटी एवं वनस्पति भए पनि तिनको सदुपयोग हुन सकेको छैन। कतिपय जडीबुटी, वनस्पति चोरी निकासी भई त्यसमा रासायनिक पदार्थ मिलाएर बनाइएको आधुनिक औषधि नेपालमा भित्रने गरेको अभियानकर्मी राजलवटको गुनासो छ।

आयुर्वेद अस्पताल र औषधालयलाई प्रवर्द्धन गर्न खोज अनुसन्धानमा जोड दिनुपर्ने आयुर्वेद चिकित्सकको भनाइ छ। राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालीम केन्द्र कीर्तिपुरमा कोरोनाको दोस्रो लहरका बेला २०७८ सालमा ६५ जना कोरोना सङ्क्रमित राखी आयुर्वेद औषधि दिइएको थियो। कोरोना महामारीको पहिलो चरण विसं २०७७ मा पनि सयौँ कोरोनाका बिरामी केन्द्रमा राखेर आयुर्वेद औषधि नै दिएर उपचार गरेर पठाइएको थियो। अस्पताल, तालिम र अनुसन्धान केन्द्र भएकाले दिइएका औषधिका विषयमा अनुसन्धानसमेत गरियो। केन्द्रले सीमित स्रोत, साधनका आधारमा गरेको अनुसन्धानले नेपाली वनपाखाकै जडीबुटीले कोरोना लागेकालाई फाइदा गरेको कार्यकारी निर्देशक डा रामआधार यादवले सुनाउनुभयो।

कोरोनाकालमा केन्द्रमा आउने कोरोना बिरामीलाई गुर्जो, सुठो, मरिच, पिप्ला, अभ्रकभष्मलगायत आयुर्वेदिक वनस्पतिको ट्याबलेट बनाएर नियमित खुवाउने गरिएको थियो। केहीलाई भने अक्सिजनसमेत दिइएको थियो। कोरोनाकालमा केन्द्रमा भर्ना भएका कोरोनाका बिरामीको निधन नभएको कार्यकारी निर्देशक डा यादवले जानकारी दिनुभयो।

कोरोनाकालदेखि नै रोग प्रतिरोधी क्षमता बढाउने आयुर्वेदिक औषधिको माग बजारमा बढ्न थालेको छ। कोरोनाकालमा सिंहदरबार वैद्यखाना विकास समितिले उत्पादन गरेको गुर्जो चिया, तुलसी चिया, शिलाजित, च्यवनप्रास, अश्वगन्ध तेल, अविपत्तिकर चूर्ण लगायतको माग बढेको थियो। स्वास्थ्य विपत्तिका बेला बढेको आयुर्वेदिक औषधिको मागअनुसार उत्पादन गर्नुपर्ने समिति निरन्तर ओरालो लाग्न थाले पनि सरोकार भएका निकायको ध्यान जान नसकेकामा चिन्ता व्यक्त गर्न थालिएको छ।

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
HBL Himalayan Bank Ltd
BATAS
CG Money
CHAUDHARY GROUP

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*